# साकेला गाउँपालिकाको

# बजेट, नीति तथा कार्यक्रम-२०७८/०७९

साकेला गाउँपालिका

मानेभञ्ज्याङ, खोटाङ

१ नं. प्रदेश नेपाल

प्रस्तुतकर्ता-

मिलन परियार

(कार्यपालिका सदस्य)

साकेला गाउँपालिका, खोटाङ

मिति- २०७८/०३/१०

प्रमाणिकरण मिति-

२०७८ असार १८ गते

.............................

अर्जुन कुमार खड्का

गाउँपालिका अध्यक्ष

**श्री सभा अध्यक्ष महोदय,**

गाउँसभाका मान्य सदस्यज्यूहरु,
गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारी मित्रहरु,
पत्रकार लगायत अन्य अतिथिगण।

सर्वप्रथम म आजको यस सम्मानित एघारौं गाउँ सभामा साकेला गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउदा आफुलाई सौभाग्यशाली ठान्दै गौरवको अनुभूति गरिरहेको छु। यसै प्रसङ्गमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनामा योगदान दिनुहुने तमाम नेपाली जनता र साकेला गाउँपालिकावासी नागरिक प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। यसै गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लडाईंमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दछु।

**सभा अध्यक्ष महोदय,**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा नेपालको संविधान, नेपालको दीर्घकालीन सोच सहितको पन्ध्रौं योजना तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकारको क्षेत्राधिकार भित्र रही गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न किसिमका ऐन, नियमावली, कार्यविधि तथा निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। उपर्युक्त ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको अधिनमा रही नेपाल सरकारको अन्तरिम त्रीवर्षीय योजनासँग तालमेल गर्दै गाउँपालिकाको त्रीवर्षीय योजना तर्जुमा, गाउँपालिकाको विकासको प्राथमिकताको क्षेत्र तथा नीति निर्धारण गरिएको व्यहोरा यस सम्मानित सभामा स्मरण गर्न चाहन्छु।

**सभा अध्यक्ष महोदय,**

गाउँपालिकाको गौरवको आयोजना अन्तर्गत निर्माण भईरहेको साप्सुखोला –पाँचधारे सडक प्रदेश सरकारको वहुवर्षीय योजनामा समावेश भई हाल कार्यान्वयनमा रहेको छ। कत्तिके सोस्तुङ – रतन्छा – बाँझे च्यान्डाँडा सडक खण्ड अन्तर्गत बाझेच्यान्डाँडा-रतन्छा-मानेभञ्ज्याङ-काल्चिनखोला सडक खण्ड प्रदेश सरकार र गाउँपालिकाको लागत साझेदारीमा गरिने छ। विद्युतीय शासन प्रणालीको विकासका लागि गाउँ कार्यपालिकाको कार्यालय तथा सवै वडा कार्यालयहरुमा इन्टरनेटको सुविधा विस्तार गरिएको छ। मानेभञ्ज्याङ हाटडाँडाको स्तर उन्नती गरिनुका साथै पहिलो चरणमा हाटडाँडा गोल पार्क निर्माण कार्य सम्पन्न भईसकेको छ। नागरिकलाई विकास तथा सुशासनको प्रत्याभूति दिन गाउँ कार्यपालिका लगायत सम्पूर्ण सरकारी कार्यालय तथा विद्यालयहरुको भौतिक तथा प्रशासनिक सेवामा सुधार गरिएको छ। नमूना हरित केन्द्रको अवधारणा बमोजिम चियाको नर्सरी स्थापना गरिनुका साथै किवी खेती लगायत विभिन्न ठाउमा विभिन्न प्रजातीको फलफुलको नर्सरी व्यवस्थापन शुरुवात गरिएको छ। चिया प्रवर्द्धन गर्नका लागि साकेला-३, तावाभञ्ज्याङको खुला नागी क्षेत्रमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस चालु आवमा करीव ४५ सय विरुवा रोपिएको छ। सो को सिंचाईका लागि चिण्डो पोखरी र घ्याम्पे पोखरी समेत निर्माणाधिन अवस्थामा छ। चालु आर्थिक वर्षमा वडा नं. १ मा प्रसुती गृह (वर्थिङ सेन्टर) संचालन गर्न स्वीकृतिका लागि स्वास्थ्य कार्यालय दिक्तेल मार्फत सम्बन्धित निकायमा पठाइएको छ। आर्थिक वर्ष २०७८/०७९ मा सवै स्वास्थ्य चौकीमा प्रसुती गृह (वर्थिङ सेन्टर) निर्माण गरिसकिने लक्ष्य राखिएको छ। यसै गरी संघीय सरकारको सहयोगमा वडा नं. ४ मा आधारभूत स्वास्थ्य केन्द्रको निर्माण कार्य भइरहेको छ भने १ नम्बर वडा बाझेच्यान्डाँडाको डाँडागाउँ क्षेत्रमा सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापना भईसकेको छ। सडक सञ्जाल विस्तार कार्यक्रम अन्तर्गत ५ वटै वडा कार्यालयबाट गाउँपालिका केन्द्रसँग सडकको पहुँच पुर्याउने काम

सम्पन्न भएको छ । गाउँपालिकामा रहेका पुराना सडकहरुको स्तर उन्नती गरिनुकासाथै केही वडाहरुमा वस्ती स्तरीय सडकको ट्रयाक खोल्ने काम समेत सम्पन्न भएको छ । वडा नं. ४ को कार्यालय भवन र गाउँपालिका परिसरमा इलाका प्रहरी कार्यालयको भवन निर्माण सम्पन्न भएका छन् । यसै गरी गाउँपालिकाको जग्गामा सामुदायिक भवनको निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भई भवन निर्माण कार्य समेत भइरहेको व्यहोरा अनुरोध गर्दछु । वडा नं. २ स्थित कृषि वालि विज्ञान भवन निर्माण भएको छ । यसै गरी वडा नं. ३ को सिद्धेश्वरी मा.वि. खिदिमामा विद्यालय भवन निर्माण भएको छ । वडा नम्बर २ को सामुदायिक भवन निर्माणको प्रक्रियामा रहेको छ । दिक्तेल –साप्सु -पाँचधारे सडक खण्डको साप्सुखोलामा पक्की पुल निर्माण सम्पन्न भएको छ । यसै गरी मात्तिम देखि दिप्रङ चुइचुम्मा जोड्ने सडकमा पर्ने तावाखोलामा पक्की पुल निर्माणाधिन अवस्थामा रहेको व्यहोरा अनुरोध गर्न चाहन्छु । वडा नं. ४ मा वडा कार्यालय भवन निर्माण सम्पन्न भई सेवा प्रवाह शुरु भएको छ । नेपाल विद्युत प्राधिकरणको सहयोगमा वडा नं. १ र ३ मा विद्युत विस्तारको कार्य अन्तिम चरणमा पुगेको छ । वडा नं. १ बाँझेमा स्वास्थ्य चौकी भवन निर्माणाधीन अवस्थामा रहेका छन् । प्रदेश सरकारको विशेष अनुदान सहयोगमा दारुलाटारमा खेलकुद मैदान र वडा नं. २ रतन्छामा साकेला थानमा पार्क निर्माण चरणमा रहेका छन् । त्यस्तै गरी प्रदेश सरकार कै अनुदान सहयोगमा वडा नं. २, ४ र ५ मा खानेपानी योजनाको मर्मत सम्भार तथा विस्तारको कार्य भइरहेको छ भने वडा नं. ४ मा संघीय सरकारको समेत अनुदान सहयोगमा खानेपानीको विस्तार कार्य भइरहेको छ आ. ब. २०७८/०७९ मा सन्चालन हुने गरी १ नम्बर वडालाई समेत खानेपानी व्यवस्थापनको लागि प्रदेश सरकारको कार्यक्रममा स्वीकृत भएको छ ।

**सभा अध्यक्ष महोदय,**

कृषि तथा पशु विकास तर्फ साकेला गाउँपालिका वडा नं. १ सेखुवामा कागती नर्सरी, वडा नं. २ रतन्छामा नासपाती र कागती नर्सरी साथै ड्रागनफलको खेती शुरु गरिएको छ । वडा नं. ३ मा चिया नर्सरी, वडा नं. ४ मा अनारको नर्सरी र वडा नं. ५ मा कफीको नर्सरी स्थापना गरिएको छ । यसले भविश्यमा साकेलावासीको आर्थिक विकासमा केही हदसम्म सहयोग पुर्याउने अपेक्षा गरिएको छ । यसै गरी प्रदेश सरकारसँगको लागत साझेदारीमा वडा नं. ३ खिदिमामा रेन्बो ट्राउट माछा पालन कार्यक्रम शुरु भएको छ । पालिकाकै वित्तीय समानीकरण अनुदान सहयोगमा तारेभीर कृषि सहकारी संस्था साकेला ४ र ५ मार्फत रैथाने कुखुरा पालन भइरहेको छ भने वडा नं. २ मबुमा उत्साह नमूना भैंसी फारम र विभिन्न वडाहरुमा वाख्रा पालन फर्म सञ्चालनमा रहेका छन् । यसै गरी वडा नं. ५ मा कृषि वस्तु संकलन केन्द्र भवन निर्माणाधिन अवस्थामा रहेको छ ।

सामाजिक सुरक्षा तर्फ जेष्ठ नागरिकको सम्मान तथा क र ख वर्गका अपाङ्गको दैनिक जीवन यापनमा साँकेतिक सहयोग स्वरुप गाउँपालिकाबाट संचालन भएका सार्वजनिक वस र जिल्लाबाट संचालन भएका सार्वजनिक वस सेवाहरुबाट यात्रा गर्दा लाग्ने वस भाडा खोटाङ यातायात प्रा.लि.सँगको सम्झौतामा सतप्रतिशत छुटको सुविधा प्रदान गर्ने कार्यको थालनी भएको छ । यसै गरी असी वर्ष माथिका जेष्ठ नागरिकलाई लाठी र अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता सहायता सामग्री समेत वितरण शुरु गरिएको व्यहोरा अनुरोध गर्न चाहान्छु ।

स्वास्थ्य विकास तर्फ प्रत्येक स्वास्थ्य चौकीलाई विभिन्न किसिमका संभावित रोगको संक्रमन रोकथामकाको लागि अटोक्लेभ र आवश्यक सामग्री प्रदान गरिएको छ ।

कोरोना भाइरस (COVID-19) को दोश्रो लहरसँग लड्नका लागि संस्थागत आईसोलेसन तयार गरिएको छ । जसमा १ जना डाक्टर, १ नर्स समेतको जनशक्ति खटिरहेको अवस्था छ । हालसम्म ५३१ जनाको स्वाव संकलनका लागि

पठाईसकिएको छ भने २२२ जनाको एन्टीजेन टेष्ट गरिएको छ। कूल बेड संङ्ख्या ५० भएपनि अक्सिजन सहितको वेड संख्या २७ रहेको छ। विभिन्न दातृ निकायहरुबाट कोरोना भाईरस न्यूनिकरण गर्न जिन्सी सहायताहरु प्राप्त भईरहेको अवस्था छ।

यसै गरी शिक्षा विकास तर्फ विस्तार गर्दा, राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम, विभिन्न विद्यालयहरुमा आईसिटी, ई.पुस्तकालय र विज्ञान प्रयोगशाला निर्माण भई सञ्चालनमा आएका छन्। विद्यालयको तथ्याङ्क व्यवस्थापन गर्ने अनलाइन प्रणाली इमिस मार्फत आधारभूत तह कक्षा ८ को परीक्षाको नतिजा सो प्रणाली मार्फत प्रकाशन गरी १ नं. प्रदेशमा साकेला गाउँपालिका उल्लिखित प्रणालीबाट नतिजा प्रकाशन गर्ने पहिलो स्थानीय तह भएको व्यहोरा अनुरोध गर्न चाहान्छु।

**सभा अध्यक्ष महोदय,**

अव म साकेला गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा लिइएका मुख्य आधारहरु र योजना छनौट प्रकृयाको प्राथमिकताका आधारहरुप्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा लिइएका मुख्य आधारहरुः**

१. नेपालको संविधानको अनुसूची -८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकार।
२. नेपालको दीर्घकालीन सोच सहितको पन्धौं योजना (आ.व. २०७६/७७ -२०८०/८१)
३. नेपालको संविधानको भाग ४ अन्तर्गत राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्वन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली।
४. नेपाल सरकारको दिर्घकालीन लक्ष्य, नीति तथा रणनीतिहरु।
५. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेट शिलिङ तथा मार्गदर्शन।
६. स्थानीय राजश्व परामर्श समितिले निर्धारण तथा प्रक्षेपन गरेको आन्तरिक स्रोत।
७. विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) ले सिर्जना गरेको असर तथा प्रभाव
८. गाउँपालिकाको भूगोल, हावापानी, धर्म, सँस्कार र सामाजिक संरचना आदि।
९. गाउँपालिकामा उपलब्ध हुन सक्ने प्राकृतिक, भौतिक तथा मानवीय स्रोत।
१०. स्थानीय स्तरमा उपलब्ध हुन सक्ने रैथाने कृषि तथा पशुपंक्षीहरु।
११. गाउँपालिकामा तयार भई सकेका भौतिक पूर्वाधार लगायत अन्य विषयगत पूर्वाधारहरु।

**आर्थिक वर्ष २०७८/०७९ लागि योजना छनौट प्रकृयाको प्राथमिकताका आधारहरुः**

१. संघ/प्रदेश सरकारबाट प्राप्त विभिन्न शिर्षकमा हस्तान्तरण हुने वित्तिय अनुदान तथा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले निर्धारण गरेको बजेट सिमा तथा मार्गदर्शन
२. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को रोकथाम तथा नियन्त्रण र यसले सिर्जना गरेको असर तथा प्रभाव
३. अन्तर गाउँपालिकाको विकासमा ठोस योगदान दिने योजनाहरु।
४. आन्तरिक तथा वाह्य पर्यटन विकासको पूर्वाधारका योजनाहरु।
५. भूगोल, हावापानी तथा उचाईको आधारमा हुने व्यवसायीक कृषि तथा पशु विकास योजनाहरु।

६. एक गाउँ एक कृषि उत्पादन ।
७. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना तथा संचालनमा नीजि लगानी कर्तालाई प्रोत्साहन ।
८. रैथाने जातको कृषि वाली, नगदे वाली तथा पशुपंक्षी विकास ।
९. रोजगारमूलक, उत्पादनमूलक तथा चाँडो प्रतिफल दिन सक्ने कृयाकलापहरु ।
१०. साकेला गाउँपालिकाको आर्थिक विकास र गरीवी न्यूनिकरणमा सघाउ पुर्याउने ।
११. स्थानीय स्रोतसाधनमा आधारित जनसहभागिता जुट्ने/अभिवृद्धि हुने योजनाहरु ।
१२. प्राकृतिक प्रकोप, विपद व्यवस्थापन तथा वातावरण संरक्षणमा सहयोग पुग्ने योजनाहरु ।
१३. स्थानीय भाषिक, धार्मिक, साँस्कृतिक, भेषभूषाको विकासमा सघाउ पुग्ने ।
१४. लैंगिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि हुने ।
१५. छुवाछुत अन्त्य गर्ने कार्यमा सघाउ पुग्ने ।
१६. सामाजिक जवाफदेहीता, पारदर्शिता र सामाजिक रुपान्तरण सहितको सुशासन अभिवृद्धि हुने ।
१७. शिक्षाको गुणस्तरमा अभिवृद्धिमा सघाउ पुर्याउने ।
१८. वाल मैत्री, महिला मैत्री, पोषण मैत्री, अपाङ्ग मैत्री, खानेपानी तथा सरसरफाइ मैत्री, वातावरण मैत्री अभियानमा सघाउ पुर्याउने ।

**सभा अध्यक्ष महोदय,**

अव म यस साकेला गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम यस सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**साकेला गाउँपालिकाको समष्टिगत नीतिहरुः**

१. कोरोना भाइरस (कोभिड १९) को कारण सुस्त अवस्थामा पुगेको आर्थिक कृयाकलापलाई चलायमान गर्न कृषि उत्पादनमा बृद्धि गरी आर्थिक विकासमा जोड दिने ।
२. गाउँपालिकाको बजेटबाट शुरुवात गरिएको पूर्वाधारजन्य योजनाहरुलाई क्रमागत रुपमा स्तरोन्नति गर्दै लगिनेछ भने सडकको हकमा नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
३. सुशासन सहितको दिगो विकासको अवधारणालाई आत्मसाथ गरिनेछ ।
४. गुणस्तरीय शिक्षाको विकासमा टेवा पुग्ने किसिमका योजनाहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
५. कृषि तथा पशु विकासमा सहयोग पुग्ने जनशक्ति उत्पादनमा जोड दिइनेछ ।
६. वसाईं सराइको दरलाई न्यूनिकरण गर्नका लागि शिक्षा, स्वास्थ्य, रोजगार, यातायात, सञ्चार, विजुली आदिको उचित प्रवन्ध गर्दै लगिनेछ ।
७. रैथाने जातका पशु, पंछी, कृषि, फलफुल आदिको खोजी गरी यिनीहरुको विकास गरिनेछ ।
८. पालिकाको विकास प्रयासमा स्थानीय स्रोत साधनको अधिकतम् उपयोग गर्दै दिगो विकासको अवधारणा अनुसार कार्य गरिनेछ ।
९. गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा सुविधाहरु वातावरण मैत्री, महिला मैत्री, वाल मैत्री, अपाङ्ग मैत्री, जेष्ठ नागरिक मैत्री,पोषण मैत्री तथा पूर्ण सरसफाइ मैत्री वनाइनेछ ।

## क. आर्थिक विकास सम्वन्धी नीतिहरु:

१. स्थानीय स्तरमा नियमित रुपमा श्रमबजारमा प्रवेश गर्ने युवा श्रमशक्ति तथा कोभिड १९ का कारण बैदेशिक रोजगारबाट फर्किने युवा श्रमशक्तिलाई कृषि उत्पादनसँग जोडिनेछ।

२. कृषिमा आधारित साना उद्योग व्यवसायलाई प्रोत्साहन गर्न उद्योगीहरु मध्येको उत्कृष्ट एक उद्यमीलाई पुरस्कृत गरिनेछ।

३. मानव स्वास्थ्य एवं विश्व बजारलाई ध्यान दिदै साकेला गाउँपालिकालाई पूर्ण अर्गानिक कृषि पालिकाको रुपमा विकास गर्न हाल प्रयोग भईरहेको रासायनिक मल तथा विषादीको प्रयोगलाई शुन्य पारी अर्गानिक कृषि उत्पादनको लागि प्राङ्गारिक मल तथा जैविक विषादिको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ।

४. कृषि तथा पशु विकास कार्यमा कार्यरत कृषक तथा अगुवा कृषकहरुकोसमन्वयमा कृषि तथा पशु विकासका कार्यहरु संचालन गरिनेछ।

५. परम्परागत रुपमा गरिदै आएको निर्वाहमुखी खेती प्रणालीमा सुधार गर्न कृषि/पशु तथा फलफूलको पकेट क्षेत्र निर्धारण गरी सामुहिक खेती, भेगीय खेती प्रणाली, एकीकृत खेती प्रणाली तथा सहकारीताको विकास गरिनेछ।

६. लोपुन्मुख अवस्थामा रहेका र अन्य रैथाने जातका कृषि तथा पशु उपजहरुको खोजी, संरक्षण, विकास तथा बजारीकरणका लागि विउ उत्पादन गर्न आवश्यक मात्रामा कृषि तथा पशु स्रोत केन्द्रको स्थापना तथा संचालन गरिनेछ।

७. कृषि कार्यको व्यवसायीकरणमा सहयोग पुर्याउने कृषि सामग्रीहरुको उपयोगमा जोड दिइनेछ।

८. दिगो भू-व्यावस्थापन तथा कृषि वाली सुधारको लागि गोठ सुधार तथा भकारो सुधारको कार्यलाई प्रोत्साहन गरिनेछ।

९. कृषि उपज खाद्यान्नहरुको भण्डारणका लागि सोलार ड्रायर, रष्टिक स्टोर, सेलार स्टोर आदि जस्ता प्रविधिहरुको प्रवर्द्धन तथा विकास गरिनेछ।

१०. सौर्य विस्कुन (Solar drier) स्थानीय सामग्रीहरुको अधिकतम उपयोग गरी कम मूल्यमा निर्माण गर्न अनुसन्धान, निर्माण तथा प्रदर्शन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

११. परमपरागत रुपमा गरिदै आएको निर्वाहमुखी खेती प्रणालीमा सुधार गर्दै कृषि उपज उत्पादनको वृद्धि गर्न आवश्यक पर्ने पानीको लागि परमपरागत रुपमा संचालन हुँदै आएका कुलोहरुको मर्मत सम्भार गरिनुकासाथै सम्भाव्यताका आधारमा नयाँ कुलोहरुको निर्माण, वर्षादको पानी संकलन लगायत अन्य सिंचाई प्रविधिहरुको खोजी तथा विकास गरिनेछ।

१२. साकेला गाउँपालिकामा उत्पादन भएका सम्पूर्ण कृषि उपज तथा अन्य वस्तुहरुको बजारीकरणको लागि सम्वन्धित निकायहरुसँग आवश्यक समन्वय गरिनेछ।

१३. खाद्यान्न, तरकारी, फलफूल तथा मसला जन्यकृषि उपजहरुको प्रशोधनका लागि आवश्यक पर्ने तालिमहरुको व्यवस्था गरिनेछ।

१४. मासुजन्य रोगबाट बच्नमासुको लागि प्रयोग गरिने पशु पंक्षीहरुको स्वास्थ्य तथा मासु परीक्षण कार्य गर्नपालिकाको उपयुक्त स्थानमा परीक्षण केन्द्रको स्थापना र संचालन गरिनेछ।

१५. मासुलाई सफा एवं सुरक्षित राख्न मानेभञ्ज्याङ बजार लगायत वडा कार्यालयको आसपासमा समेत पशुपंक्षी वधशाला निर्माण गरिनेछ।

१६. नेपाली चाडपर्वलाई लक्षित गरी व्यवसायिक रुपमा रैथाने घरेलु तथा जंगली जातका फूलहरु उत्पादन तथा विक्रीवितरण गर्न किसान तथा व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ।

१७. लोप भईसकेका तथा लोप उन्मुख रैथाने प्रजातिका पशु, पंक्षी, अन्नवाली, सागसब्जी, दलहन, तेलहन, फलफूल तथा मसला जन्य कृषि उपजहरुको खोजी, संरक्षण तथा विकासका लागि उचित स्थानहरुको खोजी गरी स्रोत केन्द्रको स्थापना र संचालन गरिनेछ।

१८ मनोरञ्जन तथा विभिन्न अवसरमा एक आपसमा शुभकामना आदानप्रदान गर्नका लागि उपयुक्त स्थानहरुको खोजी गरी वनभोज तथा भेटघाट स्थलहरुको स्थापना र विकास गर्दै लगिनेछ ।

१९ प्राकृतिक स्रोत सम्पदाको अध्ययन अनुसन्धान गर्नका लागि मपारुङ टेम्के सामुदायिक वन क्षेत्रमा सम्वन्धित पक्षहरुसँग समन्वय गरी पर्यापर्यटनको पूर्वाधार विकास गरिनेछ ।

२० आन्तरिक तथा वाह्य पर्यटकहरुलाई लक्षित गर्दै परमपरागत रुपमा संचालन हुँदै आएका पैदल मार्गहरुको स्तर उन्नती गरिनुकासाथै चखेवाभञ्ज्याङ -मपारुङ भीर–मानेभञ्ज्याङ –पाँचधारे, चखेवाभञ्ज्याङ –टेम्के र मानेभञ्ज्याङ –टेम्के जैविक पद मार्गको निर्माण तथा विकास गरिनेछ ।

२१ साकेला गाउँपालिकालाई नासपातीको हव/केन्द्र वनाउनका लागि साकेला गाउँपालिकाको भूगोलभित्र निर्माण हुने गौरवका सडक लगायत अन्य सडकहरुको दायाँवायाँ नासपाती रोपिनेछ ।

२२ मानिसको फेरिएको जीवन शैलीको कारण वाँझिदै गएको जमिन उपयोग गर्नका लागि सम्वन्धित जग्गाधनी र अन्य सरोकारवालाहरुसँग छलफल गरिनेछ ।

२३ परमपरागत खाद्य प्रविधिहरुको संरक्षण, प्रवर्धन, विकास तथा बजारीकरण गरिनेछ ।

२४ गाउँपालिकाले पालिकामा अति विपन्न घरपरिवार पहिचान गरी उनीहरुका लागि वडागत रुपमा वढीमा एक वटा सुफत मूल्यको खाद्य सहकारी पसलको संचालन गर्न पहल गर्नेछ ।

२५ कृषि तथा पशु विकासमा योगदान पुर्याउने कृषक तथा फर्महरुको व्यवसायमा प्राकृतिक/प्रकोपको कारण उत्पन्न हुने जोखिमलाई आर्थिक रुपमा मद्दत गर्ने पशु तथा कृषि विमाको लागि सम्वन्धित विमा कम्पनीहरुसँग उचित समन्वय गरिनेछ ।

२६ साकेलाको मानेभञ्ज्याङ हाटलाई व्यवस्थित गर्दै आवश्यकताका आधारमा अन्य स्थानहरुमा समेत कृषि उपज संकलन तथा विक्री केन्द्रहरुको स्थापना र संचालन गरिनेछ ।

२७ परमपरागत खाँडीको कपडा वुनाइको लागि ब्यवसायिक कपास खेती गर्न कपास हुने क्षेत्रका किसानहरुलाई प्रोत्साहन गरिनेछ ।

२८ अल्लो प्रशोधन गरी कपडा उत्पादनमा आवश्यक पर्ने अल्लोको उत्पादनमा नीजि क्षेत्र, सामुदायिक वन, सरकारी वन तथा अन्य वनसँगको समन्यवयलाई निरन्तरता दिइनेछ ।

२९ साकेला गाउँपालिकामा उत्पादन हुने कच्चा पदार्थबाट संचालन हुन सक्ने घरेलु तथा साना उद्योग स्थापना र संचालनको लागि स्थानीय तथा वाह्य लगानीकर्ताहरुलाई प्रोत्साहन/आव्हान गरिनेछ ।

३० गाउँपालिकामा पूर्ण रुपमा रैथाने जातका कृषि तथा पशु पंक्षी उपजको अर्गानिक उत्पादनको माध्यमबाट कृषि पर्यटनको पूर्वाधार एवं विकास गरिनेछ ।

**ख. सामाजिक विकास सम्वन्धी नीतिहरु:**

३१ विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को संक्रमणलाई रोकथाम तथा नियन्त्रण गर्नका लागि चालिएका पहलकदमीलाई थप प्रभावकारी तुल्याइनेछ ।

३२ पालिका स्तरीय अस्पताल स्थापना तथा सञ्चालनका लागि प्रदेश तथा संघीय सरकारसँग निरन्तर पहल गरिनेछ ।

३३ पालिकामा संचालन भईरहेका प्राविधिक शिक्षालय तथा अप्राविधिक शिक्षण संस्थाहरुको भौतिक तथा शैक्षिक गुणस्तर सुधारमा विशेष जोड दिइनेछ ।

३४ प्रत्येक नागरिकको स्वच्छ खानेपानी उपभोगको नैसर्गिक अधिकारलाई मध्य नजर गर्दै खानेपानीको स्रोतको पहिचान गरी तत्कालिन र दिर्घकालिन योजना तयार गरिनेछ ।

३५ विद्यालयको आधारभूत तहलाई गुणस्तरीय बनाउन वालमैत्री कक्षा कोठा र वालमैत्री विद्यालयको अवधारणालाई अवलम्वन गरिनेछ ।

३६ साकेला गाउँपालिकामा रहेका प्राकृतिक जडिवुट्टी तथा अन्य आयुर्वेद्धिक औषधी उपचारको प्रवर्द्धन गर्न आवश्यक खोज तथाअनुसन्धान गरिनुका साथै आयुर्वेद्धिक उपचार केन्द्रको स्थापना र सञ्चालनमा पहल गरिनेछ ।

३७ साकेला गाउँपालिकाको सम्पूर्ण विकास प्रकृयालाई महिलामैत्री, अपाङ्गमैत्री, वालमैत्री, वातावरणमैत्री, जेष्ठ नागरिकमैत्री, गरीवी मैत्री वनाइदै लगिनेछ ।

३८ स्वास्थ्य तथा पोषणलाई ध्यान दिदै परमपरागत रुपमा चलिआएको खानपिनको आनीवानीलाई परिवर्तन गर्नसमुदाय तहमा विज्ञहरुको सहयोगमा समेत विभिन्न किसिमका छलफल तथा तालिमहरु संचालन गरिनेछ ।

३९ स्थानीय समुदायको आस्थाको केन्द्र, धर्म, सँस्कृति अनुरुपको धार्मिक स्थल, देवालय आदिको खोजी गेरर स्थानीय समुदायहरुसँगै समन्वय गरी तीनिहरुको संरक्षण, सम्वर्द्धन तथा विकास गरी साँस्कृतिक पर्यटनको पूर्वाधार विकासमा सहयोग पुर्याइनेछ ।

४० खानेपानी तथा स्वास्थ्य सरसफाइको लागि स्वच्छ खानेपानीको उचित प्रवन्ध गरिनुकासाथै विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको समन्वयमा पूर्ण स्वास्थ्य सरसफाइ अभियान सञ्चालन गरिनेछ ।

४१ पूर्ण सरसफाइ गाउँपालिका निर्माणको लागि सम्वन्धित पक्ष वा सरोकारवालाहरुसँग समन्वय गरी सार्वजनिक स्थल, मठ, मन्दिर, देवालय परिसरमा सार्वजनिक शौचालय निर्माण तथा संचालन गर्दे लगिनेछ ।

४२ परम्परागत रुपमा खानेपानी योजनामा प्रयोग हुँदै आएको खुला धारा प्रविधिलाई निरुत्साहित गरी बन्द धारा प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

४३ व्यक्तिगत, सार्वजनिक स्थान वा हाटबजारबाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनको लागि उचित स्थानहरुमा फोहोर व्यवस्थापन स्थल (Dumping site) को छनौट तथा व्यवस्थापन गर्दे लगिनेछ ।

४४ नागरिकको आर्थिक बोझ घटाउनको लागि अहिले उपयोग भइरहेको अधिक विजुली खपतलाई कम गर्न/गराउन समुदाय तहमा विभिन्न किसिमका कार्यक्रमहरु संचालन गरिनेछ ।

४५ विजुली उपयोगको फाइदालाई मध्यनजर गर्दै विजुलीको मिटर राख्न नसक्ने घरपरिवारलाई एक पटकको लागि वडा कार्यालयको किटानी सिफारिसमा मिटर जडान खर्च प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४६ शिक्षालाई व्यवसायिक, व्यवहारिक, गुणस्तरीय तथा विद्यार्थी मैत्री वनाउनका लागि शिक्षाविद, विद्यालय व्यवस्थापन समिति, अविभावक, नागरिक समाज, विभिन्न सरकारी तथा गैरसरकारी संघ/संस्था र विद्यार्थीहरुसँग आवश्यक छलफल तथा परामर्श गरिनेछ ।

४७ शिक्षाको गुणस्तर वृद्धिमा सहयोगी हुने किसिमको मनोसामाजिक परामर्श तालिम सम्वन्धित शिक्षकहरुलाई प्रदान गर्दै लगिनेछ ।

४८ वालवालिकाहरुलाई स्थानीय स्तरमा उपलब्ध विभिन्न सामाजिक, साँस्कृतिक, भौगोलिकएवं प्राकृतिक विषयवस्तु समावेश गरिएको एक स्थानीय पाठ्यक्रम आधारभूत तहका सवै कक्षाहरुमा क्रमागत रुपमा विस्तार गरिदै लगिनेछ ।

४९ विज्ञान र संचार प्रविधिको संसारलाई वुझ्न तथा उपयोग गर्नका लागि नेपाली भाषाको अतिरिक्त अंग्रेजी भाषाको ज्ञान अनिवार्य भईसकेको अवस्थामा सवै सरकारी तथा सामुदायिक विद्यालयहरुमा ऐक्षिक रुपमा अंग्रेजी माध्यमबाट समेत पठनपाठनको व्यवस्था मिलाउदै लगिनेछ ।

५० शिक्षाको गुणस्तर सुधारको लागि नियमित रुपमा शिक्षक अविभावक भेटघाट तथा अन्तरकृया कार्यक्रम संचालन गरिनेछ ।

५१ तोकिएको पाठ्यक्रम अनुसार पाठ योजना बनाइ नियमित रुपमा अध्यापन गर्ने शिक्षकको छनौट गरी उनको विद्यार्थीहरुले विभिन्न परीक्षामा प्राप्त गरेको औषतमाउच्चतम अंकलाई समेत आधार मानी प्रशंसापत्र सहित नगद पुरस्कारको व्यवस्था गरिनेछ।

५२ सरकारी तथा सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE) मा पालिका स्तरमा उच्चतम अंक प्राप्त गरी उतीर्न हुने एक जना छात्रा र एक जना छात्रलाई उच्च शिक्षा हासिल गर्नका लागि प्रोत्साहन स्वरुप नगद पुरस्कारको व्यवस्था गरिनेछ।

५३ शिक्षाको विकासको गुणस्तरमा विशिष्ट योगदान पुर्याउने शिक्षक एवं माध्यमिक शिक्षा परीक्षामा पालिका स्तरमा उच्चतम अंक प्राप्त गरी उतीर्ण हुने छात्रा छात्रको सम्मान तथा पुरस्कार राशिको लागि कार्यपालिकामा एक कोषको स्थापना गरिनेछ।

५४ साकेला गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका वनाउन निरक्षरहरुको गणना गरी नियमित रुपमा साक्षरताका कार्यक्रम संचालन गरिनेछ।

५५ अध्ययनको क्षेत्रलाई फराकिलो तुल्याउन प्रत्येक विद्यालयमा रहेको पुस्तकालयहरुलाई व्यवस्थित गरिनेछ।

५६ साकेला गाउँकार्यपालिकाको परिसरमा एक परमपरागत एवं विद्युतीय सार्वजनिक पुस्तकालयको स्थापना र संचालन गरिनेछ।

५७ वालवालिकाहरुको शारीरिक तथा मानसिक विकासमा सहयोग पुर्याउनका लागि उपयुक्त स्थानहरुको खोजी गरी वाल उद्यान (Children park) हरु निर्माण गर्दै लगिनेछ।

५८ युवा वर्गले जेष्ठहरुसँग शिक्षा लिन तथा जेष्ठहरुको एक्लोपन कम गर्नका लागि उपयुक्त स्थानहरुको खोजी गरी जेष्ठहरुको भेटघाट चौतारीहरुको स्थापना र संचालन गर्दै लगिनेछ।

५९ छोराछोरी, नातीनातिनी वा नजिकको कुनै पनि संरक्षक विहिन अति गरिव जेष्ठ नागरिकहरुलाई वडा कार्यालयको सिफारिसमा आवश्यकता अनुसार मौसमी कपडा वितरण गर्दै लगिनेछ।

६० जेष्ठ नागरिक लगायत अन्य लक्षित वर्गहरुको तथ्याङ अध्यावधिक गर्दै लगिनेछ।

६१ जेष्ठ नागरिक तथा लक्षित वर्गलाई राज्यबाट प्राप्त हुने सेवा सुविधाहरु सहज रुपमा प्राप्त गर्न सम्वन्धित निकायहरुसँग समन्वय गरिनेछ।

६२ साकेला गाउँपालिकामा सिर्जनाहुन सक्ने सरकारी तथा सार्वजनिक सेवामा अपाङ्गता भएका व्यक्ति, विपन्न महिला तथा कुनै कारणवस ठूलो विपत्तिमा परेका व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ।

६३ पालिकाको दिगो विकास नीतिमा युवाहरुलाई अधिकतम परिचालनका लागि विभिन्न किसिमका युवा केन्द्रित कार्यक्रमहरु संचालन गर्दै लगिनेछ।

६४ विभिन्न नाममा घर छोडी नजिकको शहर, छिमेकी मुलुक तथा अन्य मुलुकहरुमा जाने सवै किसिमका जनशक्तिहरुलाई रोक्नका लागि उचित कार्य योजना तयार गरी कार्यान्वयन गर्दै लगिनेछ।

६५ वैदेशिक रोजगारको कारणले सिर्जना भएका र हुन सक्ने सम्भावित समस्याहरुलाई सामाजिक रुपले सम्वोधन गर्ने प्रयास गरिनेछ।

६६ विभिन्न कारणले वैदेशिक रोजगारबाट पीडित भएका व्यक्ति वा नीजको परिवारहरुको लागि विभिन्न किसिमका आयमूलक कार्यक्रमहरु संचालन गरिनेछ।

६७ नागरिकको मानसिक तथा शारीरिक तन्दुरुस्तीका लागि स्वास्थ्य सम्वन्धी चेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

६८ स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन उपचारात्मक भन्दा प्रतिरोधात्मक स्वास्थ्य विकासलाई जोड दिदै स्वास्थ्य क्षेत्रका कर्मचारीहरुको क्षमता विकासमा जोड दिइनेछ।

६९ पूर्ण सरसफाइयुक्त सभ्य नागरिक, सभ्य गाउँ, सभ्य टोल, सभ्य पालिकानिर्माणमा स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्न विभिन्न संघ/संस्था, नागरिक समाजसँग समन्वय गरिनेछ ।

७० परापूर्वकालदेखि चलनमा रहेको स्थानीय धामी/झाँक्री/वैद्य प्रविधिको उचित कदर गर्दै उनीहरुलाई सामाजिक मनोपरामर्श दाताको रुपमा विकास गरिनेछ ।

७१ प्रत्येक स्वास्थ्य संस्थामा निशुल्क प्राप्तहुने औषधी लगायत अन्य औषधीहरुको उचित व्यवस्था मिलाइनेछ ।

७२ सम्भावित रोगहरुबाट बच्न सवै गर्भवती आमा तथा नवजात शिशुहरुको लागि नेपाल सरकारबाट प्राप्त हुने निशुल्क खोपहरु अनिवार्य लगाउने वातावरण शिर्जना गर्न चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

७३ प्रत्येक स्वास्थ्य कर्मीले आफूलाई प्राप्त अधिकार क्षेत्र भित्रको औषधीमात्र विमारीलाई चलाउने वातावरणको सिर्जना गरिनेछ । विमारीलाई यदि कसैले आफ्नो अधिकार क्षेत्राधिकार भन्दा वाहिरको औषधी प्रदान गरेको प्रमाणित भएमा/पाइएमा नीज उपर तुरुन्तै प्रचलित कानून वमोजिम कार्वाहीको प्रकृया अगाडी बढाइनेछ ।

७४ साकेला गाउँपालिकामा शारीरिक तथा मानसिक रुपमा तन्दुरुस्ती तथा असल नागरिक उत्पादन गर्नविभिन्न किसिमका खेलकुद प्रतियोगिताहरुको संचालन तथा विकास गरिनेछ ।

७५ खेलकुद विकासका लागि आवश्यक पर्ने कवर्डहल, भलिवल, फुटबल खेल मैदान निर्माण एवं प्रशिक्षक तथा खेल सामाग्रीहरुको उचित प्रवन्ध गर्दै लगिनेछ ।

७६ लोप उन्मुख परमपरागत सीपहरुलाई व्यवसायिक बनाउनको लागि यसको खोजी, संरक्षण, विकास तथा वजारीकरण गरिनेछ ।

७७ लोप उन्मुख पञ्चे बाजा, नौमति वाजा, विनायो, मुचुङ्गा, रैथाने वाद्यवादन लगायत स्थानीय गीत संगीतको खोजी, संरक्षण, विकास तथा बजारीकरण गरिनेछ ।

७८ स्थानीय समुदायको पहिचानलाई जगेर्ना गर्न उनीहरुको भेषभूषा, भाषा, सँस्कृतिको खोजी तथा विकास गरिनेछ ।

७९ जातीय विभेद, लैंगिक विभेद, लैंगिक हिंसा, महिला हिंसा तथा छुवाछुत अन्त्यका लागि विभिन्न सरोकारवालाहरुसँग समन्वय गरिनेछ ।

## ग. पूर्वाधार विकास सम्वन्धी नीतिहरुः

८० व्यवस्थापकीय, प्रशासकीय तथा प्राविधिक जटिलताका कारण अलि ठूला आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्दा व्यवहारिक कठिनाई हुने देखिएकोले रु. १३ लाख भन्दा माथिका पूर्वाधार निर्माण योजनाहरु सम्बन्धित वडाको पूर्ण समन्वयमा प्रविधिक स्टिमेट गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम बोलपत्र आह्वान गरी ठेक्काबाट सञ्चालन गरिनेछ ।

८१ यस पालिकाको वडा नं. ३ मा अवस्थित तावा भञ्ज्याङ क्षेत्रमा पर्यटन प्रवर्द्धनको लागि पूर्वाधार निर्माणकार्यमा संघीय सरकार, प्रदेश सरकार, नीजि क्षेत्रसँग निरन्तर समन्वय र सहकार्य गरिनेछ ।

८२ विद्युतीय शासन प्रणालीको प्रवर्द्धन गर्नका लागि पालिकामा रहेका सवै सरकारी संस्थाहरुमा इन्टरनेट सेवाको उचित विस्तार गरिनेछ ।

८३ गाउँपालिकाभित्र सरकारी तथा गैरसरकारी संघसंस्थाहरुबाट प्रवाह हुने सेवासुविधाहरु सहज रुपले प्राप्त गर्नग्रामीण शहरीकरणको अवधारणा अनुरुपको एकीकृत वस्ती विकासको थालनी गरिनेछ ।

८४ गाउँपालिकाको गौरवको आयोजना अन्तर्गत निर्माण भईरहेको साप्सुखोला –पाँचधारे सडक, कात्तिके सोस्तुङ – रतन्छा – चखेवाभञ्ज्याङ सडक र नैनेपाटी –काल्चिङखोला सडकहरुको निर्माण कार्यमा संघीय सरकार तथा प्रदेश सरकारसँग निरन्तर समन्वय गरिनेछ ।

८५ अनावश्यक नयाँ सडक खन्ने कार्यलांई पूर्ण रुपले निरुतसाहित गर्दै पालिकाको लागि सामरिक महत्व राख्ने सडकहरुको क्रमैशङ्ग स्तर उन्नती गर्दै लगिनेछ ।

८६ चखेवाभञ्ज्याङ –रतन्छा –खिदिमा सडकमा पर्ने साब्जुखोला, खोवुखोला, रुपुवाखोला, वेलियाखोला, मखुवाखोला र तावाखोलामा पक्की सडक पुल निर्माणको लागि संघीय सरकार तथा प्रदेश सरकारमा निरन्तर पहल गरिनेछ ।

८७ सडक सुचारु राख्न प्रमुख सडकहरुका लागि सडक हेरालुको व्यवस्था गरिनेछ ।

८८ आवश्यक स्थानहरुमा झोलुङ्गे पुल निर्माणको लागि अन्य गाउँपालिका, संघ तथा प्रदेश सरकारसँग नियमित समन्वय गरिनेछ ।

८९ घर तथा कार्यालयमा प्रयोग हुने विभिन्न सामग्रीहरुको निर्माण तथा प्रयोगमा वाह्य सामग्रीलाई सकेसम्म निरुत्साहित गरी स्थानीय स्तरमा उपलब्ध हुन सक्ने सामग्रीहरुको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

९० सार्वजिनक सम्पत्तीको सुरक्षाकाका लागि विद्यालय तथा सार्वजनिक स्थानहरुमा जनसहभागिता एवं लागत सहभागितामा आधारित सोलार वत्ती जडान गरिनेछ ।

९१ गाउँपालिकाको गौरवका सडकहरु र अन्य सामरिक महत्वका सडकहरुमा क्रमैसँग सडक वत्ती जडान गर्दै लगिनेछ ।

## घ. वन, वातावरण तथा विपद् व्यवस्थापन सम्वन्धी नीतिहरुः

९२ स्थानीय खोला, खोल्सी तथा चिस्यानहरुमा पाइने स्थानीय/रैथाने जातका जलचर/उभयचरहरुको संरक्षण, सम्वर्द्धन तथा विकास गरिनेछ ।

९३ स्थानीय स्तरमा प्राप्त हुने जडीवुट्टीको खोजी, उत्पादन, विकासतथा प्रशोधन गर्नसम्वन्धित सरोकारवालाहरुसँग समन्वय गरिनेछ ।

९४ स्थानीय/रैथाने तथा आगन्तुक चराहरुको प्रवर्द्धन तथा विकासका लागि उनीहरुलाई आवश्यक पर्ने उपयुक्त वातावरण सिर्जना गर्न नागरिक समाजं,विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्था, चरा विज्ञ, सामुदायिक वन तथा अन्य वनहरुसँग समुचित समन्वय गरिनेछ ।

९५ रैथाने/स्थानीय तथा आगन्तुक वन्यजन्तुहरु वस्नको लागि उचित वासस्थान तथा आहारा उपलब्धताको व्यवस्थापनको लागि वन्यजन्तु विज्ञ, सरकारी तथा गैरसरकारी संघसंस्थाहरु, नागरिक समाज, नीजि तथा सामुदायिक वन, सरकारी वनहरुसँग समन्वय गरिनेछ ।

९६ रैथाने जातका लालीगुराँस, चिमाल, सुनाखरी लगायतका जंगली तथा सयपत्री, मखमली, अजम्वरी आदि घरेलु फूलहरुको संरक्षण, प्रवर्द्धन तथा विकासका लागि फूल विज्ञ, नागरिक समाज, नीजि वन,सामुदायिक तथा सरकारी वन तथा अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरु सँग समन्वय गरिनेछ ।

९७ हरित गाउँपालिका निर्माण गर्न सरकारी वन, नीजि वन, सामुदायिक वन तथा अन्य वनहरुको संरक्षण तथा विकास गर्न सवै सम्वद्ध पक्षहरुसँग समन्वय गरिनेछ ।

९८ वनजंगल तथा वन क्षेत्रबाट आर्थिक लाभ प्राप्त गर्न सरकारी तथा सामुदायिक वनहरुसँग समन्वय गरिनेछ ।

९९ वनजंगल विकास एवं विस्तारका लागि रैथाने जातका विरुवाहरुको खोजी, संरक्षण तथा नर्सरीको विकास गरी वृक्षारोपन गरिनेछ ।

१०० गाउँपालिकामा प्राकृतिक एवं मानव कृयाकलापद्वारा निर्मित/सिर्जित विभिन्न किसिमका विपत्तीहरु व्यवस्थापन गर्नपालिकामा रहेको विपद् व्यवस्थापन कोषलाई मजवुत वनाइनेछ । यस्ता विपत्तीहरुबाट वच्नका लागि सम्वन्धित सवै सरोकारवालाहरुसँग उचित समन्वय गरी विपत योजना बनाई कार्यान्वयन गरिनेछ ।

१०१. गाउँपालिकामा निर्मित भईरहेका गौरबका सडक लगायत अन्य सडकहरुको दायाँवायाँ वायोईञ्जिनियरिङ्ग प्रविधि अन्तर्गत अम्लिसो, नेपियर, खर, डालेघाँस रोप्न सम्वन्धित जग्गा धनीहरुलाई प्रोत्साहन गरिनेछ ।

१०२. स्थानीय खोला/खोल्साहरुमा विभिन्न किसिमका रसायनयुक्त विषहरु तथा करेन्टको प्रयोग गरी विभिन्न किसिमका जलचर/माछा मार्ने कार्यलाई पूर्णरुपमा रोक लगाउन छिमेकी स्थानीय तहसँग समन्वय गरिनेछ ।

१०३. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग संचालनमा जोड दिइनेछ ।

१०४. पर्यावरण संरक्षण तथा पानीको स्रोतहरुको संरक्षण तथा विकासका लागि स्थानीय तहमा जनचेतना जगाउदै प्राकृतिक हिसावले सम्भावित स्थानहरुमा उपयुक्त जलसायहरुको निर्माण गर्दै परमपरागत रुपमा निर्माण भएका सानातिना जलसायहरुको पुनर्निर्माणमा जोड दिइनेछ ।

## ङ. संस्थागत विकास तथा सुशासन सम्वन्धी नीतिहरुः

१०५. गाउँपालिकाको विकास प्रयास प्रकृयामा आवश्यक पर्ने विभिन्न किसिमका प्रशासनिक तथा प्राविधिक जनशक्तिको उत्पादन तथा विकास गरिनेछ ।

१०६. गाउँपालिकाको विकास प्रकृयामा सघाउ पुर्याउने उत्कृष्ट कर्मचारी, शिक्षक, विद्यालय व्यवस्थापन समिति, उपभोक्ता समिति, कृषक समूह, किसान, निर्माण ब्यवसायी, व्यापारी, उद्योगपती, स्थानीय गैर सरकारी संस्था, विकास साझेदार आदिलाई कदर/सम्पानपत्रको साथमा नगद पुरस्कारको व्यवस्था गरिनेछ ।

१०७. गाउँपालिकालाई पूर्ण शान्तिक्षेत्र बनाउनका लागि विभिन्न किसिमका शान्ति सुरक्षाका कार्यक्रमहरु संचालन गर्न सम्वन्धित निकायहरुसँग समन्वय गरी गरिनेछ ।

१०८. सुशासनका लागि सामाजिक जवाफदेहीताका विभिन्न औजारहरुको अधिकतम उपयोग तथा परिचालन गरिने/गराइनेछ ।

१०९. सरकारी कार्यालयाहरुबाट प्रवाह हुने सेवालाई चुस्त बनाई जनप्रशासनको असली प्रत्याभूति सेवाग्राहीलाई प्रदान गर्न/गराउन विद्युतीय शासन प्रणालीको विकासमा जोड दिइनेछ ।

११०. सरकारी सेवासुविधा, कार्यप्रगति, जानकारीमूलक सरकारी सूचनाहरु सम्वन्धित निकाय/पक्ष लगायत सर्वसाधरणको जानकारीको लागि इन्टरनेट तथा वेभसाईटको प्रयोगमा व्यापक सुधार गरिनेछ ।

१११. गाउँपालिकाको समग्र विकास प्रयासमा नागरिकहरुको अर्थपूर्ण सहभागिताको लागि गाउँपालिकाले अवलम्वन गर्ने ऐन, कानून, नियमावली, कार्यविधि, निर्देशिका, नीतिगत विषयहरु लगायतका विषयहरुको वारेमा जानकारी गराउनसमुदाय तहमा विभिन्न किसिमका कार्यक्रमहरु संचालन गरिनेछ ।

११२. जनप्रतिनिधि, कर्मचारी, शिक्षक, उपभोक्ता समिति, सुरक्षाकर्मी लगायत सार्वजनिक पद धारण गर्ने व्यक्तिहरुमा सेवामुखी सेवा भन्दा पनि व्यवसायमुखी सेवा प्रदानको वढोत्तरी भईरहेकोले यस किसिमका प्रवृतिलाई पूर्णरुपले निरुत्साहित गर्न विज्ञहरु समेतको सहयोगमा विभिन्न किसिमका कार्यक्रमहरु संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११३. सुशासनमा सहयोग पुऱ्याउनकालागि विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरुको प्रशासनिक कार्य तथा कार्यालय व्यवस्थापनमा सुधार गरिनेछ ।

११४. गाउँपालिकाको समग्र विकासमा सघाउ पुर्याउने हेतुले पदाधिकारी, कर्मचारी, शिक्षक, उद्यमी, विद्यार्थी, किसान लगायत सामाजिक अभियन्ताहरुका लागि विभिन्न स्थानहरुमा अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

११५. गाउँपालिकाको दिगो विकास नीतिमा राजनैतिक दल, योजनाविद, शिक्षक, नागरिक समाजका अगुवा, विभिन्न स्थानीय गैर सरकारी संस्था, महिला, आदिवासी जनजाति, दलित, अपाङ्ग, वालवालिका, विद्यार्थी, एकल

महिला, जेष्ठ नागरिक, युवा, आमा समूह, किसान, उद्योगी, व्यापारी,निर्माण ब्यवसायी, लगायत सम्वद्ध सवै पक्षहरुको अर्थपूर्ण सहभागीता सुनिश्चित गरिने/गराइनेछ।

११६ साकेला गाउँपालिकाको विकास प्रयासको अभियानमा लिईएका नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने क्रममा संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, विभिन्न गाउँ तथा नगरपालिका, विभिन्न सरकारी तथा गैर सरकारी संघसंथा, विकास साझेदार,स्थानीय राजनैतिक दल लगायत सम्वद्ध सवै पक्षहरुसँग आवश्यक समन्वय एवं सुमधुर सम्वन्ध कायम गरिनेछ।

११७ गाउँपालिकाको सूचना प्रणालीलाई व्यवस्थित गर्नका लागि गाउँपालिकाको कार्यालयमा सूचना तथा अभिलेख केन्द्रको स्थापना र सञ्चालन गरिनेछ।

**च. वित्तिय तथा राजश्व सम्वन्धी नीतिहरुः**

११८ कार्यपालिकामा भएको मर्मत सम्भार कोषलाई वलियो वनाई मर्मत सम्भार मापदण्ड तयार गरी कोषको रकम खर्च गरिनेछ।

११९ आवश्यकतामा आधारित विभिन्न किसिमका कोषहरुको स्थापना र सञ्चालन गरिनेछ।

१२० राजश्वको क्षेत्रहरु पहिचान गरी करका दरहरु निर्धारण गरेर गाउँपालिकाको आन्तरिक स्रोतको अभिवृद्धि गरिनेछ।

१२१ साप्सुखोला र तावाखोलामा रहेको ढुङ्गा तथा वालुवा उपयोग गर्नका लागि छिमेकी पालिकाहरुसँग समन्वय गरिनेछ।

१२२ साकेला गाउँपालिकाको वडा नं. ४ स्थित मानेभञ्ज्याङ डाँडामा लाग्ने हटियालाई व्यवस्थित गर्नका लागि हाटबजार करलाई निरन्तरता दिइनेछ।

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष ०७७/०७८ को आम्दानी र खर्चको समग्र समिक्षा सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु।

स्थानीय तह कार्यान्वयनमा आएसँगै यस साकेला गाउँपालिकाको लागि चालू तर्फ संशोधन सहित रु. ४,६२,५०,०००/- (अक्षरेपी चार करोड बैसठ्ठी लाख पचास हजार) बिनियोजन भएकोमा रु. ३,०८,६२,७४५.३६/- (अक्षरेपी तीन करोड आठ लाख बैसठ्ठी हजार सात सय पैतालिस पैसा छत्तिस मात्र) खर्च भई रु. १,५३,८७,२५४.६४/- (अक्षरेपी एक करोड त्रिपन्न लाख सत्तासी हजार दुईसय चवन्न पैसा चौसठ्ठी मात्र) बचत भएको देखिन्छ।

त्यस्तै, पूँजीगत तर्फ संशोधन सहित कायम हुन आएको बजेट रु. ११,००९८,११०/- (अक्षरेपी एघार करोड अन्ठानब्बे हजार एक सय दश) मध्ये रु. ७,४४,१६,१०७.३९/- (अक्षरेपी सात करोड चवालिस लाख सोह्र हजार एक सय सात पैसा उनन्चालिस मात्र) खर्च भई बाँकी रु. ३,५६,८२,००२.६१/- (अक्षरेपी तीन करोड छपन्न लाख बयासी हजार दुइ पैसा एकसठ्ठी मात्र) बचत भएको देखिन्छ। यसरी आर्थिक वर्ष ०७७/०७८ को चालू र पूँजीगत तर्फ खर्च हुन बाँकी रकम रु. ५,१०,६९,२५७.२५/- (अक्षरेपी पाँच करोड दश लाख उनान्सत्तरी हजार दुई सय सन्ताउन्न पैसा पच्चिस मात्र) रहेको व्यहोरा यस सम्मानित सभा समक्ष अवगत गराउन चाहान्छु।

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०७८/०७९ मा सञ्चालन गरिने मुख्य कार्यक्रमहरु र बिनियोजित बजेट विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु।

यस आर्थिक वर्षमा आय तर्फ नेपाल सरकार अर्थ मन्त्रालयबाट वित्तिय समानिकरण अनुदान अन्तर्गत रु. ७,५०,००,०००/- अक्षरेपी सात करोड पचास लाख) र राजश्व बाँडफाँड अन्तर्गत रु. ५,०६,१४,०००/- (अक्षरेपी पाँच करोड छ लाख चौध हजार) यसैगरी सशर्त अनुदान तर्फ रु. १६,८४,०००००/- (अक्षरेपी सोह करोड चौरासी लाख) गरी कूल संघीय सरकारबाट जम्मा अनुदान रु. २९,४०,१४,०००/- (अक्षरेपी उनन्तिस करोड चालिस लाख चौध हजार) रहेको छ ।

त्यसैगरी, प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रु. ४०,८६,०००/- (अक्षरेपी चालिस लाख छयासी हजार), सवारी कर बाँडफाँडबाट रु. २६,९१,७३०/- (अक्षरेपी छब्बिस लाख एकानब्बे हजार सात सय तीस), प्रदेश समपुरक अनुदान रु. १,००,००,०००/- (अक्षरेपी एक करोड), प्रदेश सशर्त अनुदान रु. ९९,७९,०००/- (अक्षरेपी उनान्सय लाख उनान्असी हजार) गरी प्रदेश सरकारबाट जम्मा हस्तान्तरण हुने रु. २,६७,५६,७३०/- (दुई करोड सड्सठ्ठी लाख छपन्न हजार सात सय तीस) रहेको छ ।

यसैगरी आर्थिक वर्ष ०७७/०७८ को राजश्व संकलन दरलाई समेत आधार मानि आर्थिक वर्ष २०७८/०७९ का लागि प्रक्ष्येपित राजश्व रकम रु. १६,२०,०००/- (अक्षरेपी सोह लाख बीस हजार) रहेको छ ।

यसरी संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने रकम र पालिकाको आन्तरिक राजश्वको प्रक्ष्येपण समेतको रकम गरी आगामी आर्थिक वर्ष ०७८/०७९ का लागि कूल बजेट सिमाङ्कन रु. ३२,२३,९०,७३०/- (अक्षरेपी बत्तिस करोड तेईस लाख नब्बे हजार सात सय तीस) हुने प्रक्षेपित अनुमान गरिएको छ ।

अब खर्च तर्फ विचार गर्दा आगामी आर्थिक वर्ष ०७८/०७९ मा चालू तर्फ रु. ५,०६०५७३०/- (अक्षरेपी पाँच करोड छ लाख पाँच हजार सात सय तीस), पूँजीगत तर्फ रु. ८३४०६०००/- (अक्षरेपी आठ करोड चौतिस लाख छ हजार) रहेको छ । यसैगरी, सशर्त तर्फ संघ अन्तर्गतको रु. १६,८४,००,०००/- (अक्षरेपी सोह करोड चौरासी लाख) र प्रदेश अन्तर्गतको रु. ९९,७९,०००/- (अक्षरेपी उनान्सय लाख उनान्असी हजार) गरी जम्मा रु. १७,८३,७९,०००/- (अक्षरेपी सत्र करोड त्रियासी लाख उनान्असी हजार मात्र) रहेको छ । त्यस्तै प्रदेश सरकारबाट प्राप्त हुने प्रदेश समपुरक अनुदान रु. १,००,००,०००/- (अक्षरेपी एक करोड) रहेको छ ।

यसरी हेर्दा चालुगत तर्फको खर्च, पूँजीगत खर्च, संघ तथा प्रदेशबाट प्राप्त हुने सशर्त, समपूरक अनुदानको खर्च हेर्दा कूल रकम रु. ३२२३९०७३० /- (अक्षरेपी बत्तिस करोड तेईस लाख नब्बे हजार सात सय तीस) मात्र खर्च हुने अनुमान छ ।

अब म साकेला गाउँपालिकाको आगामी आर्थिक वर्षको विषय क्षेत्रगत बजेट सिलिङलाई निम्न बमोजिम प्रस्तुत गर्न अनुमति चाहान्छु ।

**आर्थिक वर्ष २०७८/०७९ मा सञ्चालन हुने बजेट तथा कार्यक्रमको सिलिङ**

| | | | | |
|---|---|---|---|---|
| अनुसूची-१ | | | | |
| **आर्थिक विकास** | | | | |
| सि.नं. | शीर्षक | बजेट | बजेट श्रोत | कैफियत |
| १ | कृषि तथा पशु | १,१७,५०,०००/- | वित्तिय समानिकरण | |
| २ | दलित उद्यमशिलता विकास कार्यक्रम | ८,००,०००/- | वित्तिय समानिकरण | |
| ३ | पर्यटन प्रवर्द्धन | १५,००,०००/- | वित्तिय समानिकरण | |
| ४ | युवा रोजगार तथा उद्यमशिलता कार्यक्रम | ८,००,०००/- | वित्तिय समानिकरण | |
| | जम्मा | १,४८,५०,०००/- | | |
| **सामाजिक विकास** | | | | |
| १ | शिक्षा | १,००,०८,३००/- | वित्तिय समानिकरण | रु. २००००/- राजश्व बाँडफाँडबाट |
| २ | स्वास्थ्य | ८३,६३,८४०/- | वित्तिय समानिकरण | |
| ३ | महिला विकास | २३,००,०००/- | वित्तिय समानिकरण | |
| ४ | युवा तथा खेलकुद | २०,००,०००/- | राजश्व बाँडफाँड | |
| ५ | पूर्ण सरसफाई घोषणा | ४०,००,०००/- | वित्तिय समानिकरण २००००००/- | रु.२००००००/- राजश्व बाँडफाँडबाट |
| ६ | आदिवासी जनजाति उत्थान कार्यक्रम | ७,००,०००/- | वित्तिय समानिकरण | |
| ७ | न्यायिक कार्य सम्पादन | ३,००,०००/- | राजश्व बाँडफाँड | |
| ८ | प्रधानमन्त्रि रोजगार कार्यक्रम औजार उपकरण खरिद | १,००,०००/- | वित्तिय समानिकरण | |
| | जम्मा | २,७७,७२,१४०/- | | |
| **संस्थागत विकास तथा सुशासन** | | | | |
| १ | मर्मत सम्हार कोष | ८,००,०००/- | वित्तिय समानिकरण | |
| | जम्मा | ८,००,०००/- | | |
| **वन, वातावरण तथा विपद् व्यवस्थापन** | | | | |
| १ | विपद व्यवस्थापन कोष | १५,००,०००/- | वित्तिय समानिकरण | |
| २ | वृक्षारोपण तथा नर्सरी व्यवस्थापन | ५,००,०००/- | वित्तिय समानिकरण | |
| | जम्मा | २०,००,०००/- | | |
| **पूर्वाधार विकास**<br>**अनुसूची-२** | | | | |
| १ | समपुरक कोष (साना सिंचाई कार्यक्रम, झो.पु. कार्यक्रम, बाँझे-रतन्छा-मानेभञ्ज्याङ-काल्चिनखोला सडक, | ११००००००/- | वित्तिय समानिकरण | |

| | | | | |
|---|---|---|---|---|
| २ | कात्तिके-सोस्तुम-रतन्छा-नैनेपाटी सडक | ५००००००/- | वित्तिय समानिकरण | |
| | **वडा नम्बर-१** | | | |
| १ | बादुङ आलु भण्डारण केन्द्र cold room/portable chamber बाँझेच्यानडाँडा | ७,००,०००/- | वित्तिय समानिकरण साझेदारी | सशर्तबाट ११००००००/- |
| २ | रेडक्रश शाखा भवन | ५,००,०००/- | वित्तिय समानिकरण | |
| ३ | सरस्वती आवि तारजाली/वाल | ५,००,०००/- | वित्तिय समानिकरण | |
| ४ | बादुङ सडक | २,००,०००/- | वित्तिय समानिकरण | |
| ५ | छापटोल-टुङटुङे सडक | ४,००,०००/- | वित्तिय समानिकरण | |
